# नेपाल विद्युत प्राधिकरण

प्रधान कार्यालय, काठमाडौं

## खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति: २०८२।०९।१८ गते)

नेपाल विद्युत प्राधिकरणका देहायका पदहरु लोक सेवा आयोगद्वारा लिइने खुला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट रितपूर्वकको दरखास्त आह्वान गरिएको छ। तोकिएको न्यूनतम योग्यता पुगेका व्यक्तिहरुले नेपाल विद्युत प्राधिकरण, पदपूर्ति विभागको https://career.nea.org.np प्रणाली मार्फत आवेदन दिन सक्नेछन्। तर नेपाल विद्युत प्राधिकरणमा कार्यरत स्थायी कर्मचारीहरुले https://hris.nea.org.np मार्फत आवेदन दिनुपर्नेछ।

(१) अधिकृतस्तर:

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | उपसमूह | पद संख्या | खुला/ समावेशी | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| २०८२/८३ प्र.१०/१४२ | सह निर्देशक | १० | प्रशासन | लेखा | | १ | खुला-१ | बाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा दश वर्षको कार्यानुभव वा सि.ए. उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा दश बर्षको कार्यानुभव। |
| २०८२/८३ प्र.८/१४३ | सहायक निर्देशक | ८ | प्रशासन | लेखा | लेखा | १ | मधेशी-१ | बाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको कार्यानुभव। |
| २०८२/८३ प्रा.८/१४४ | सहायक प्रबन्धक | ८ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | ३ | खुला-२<br>अपाङ्ग-१<br>(पुनः प्रकाशन) | इलेक्ट्रिकल इन्जिनियरिङमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको कार्यानुभव। |
| २०८२/८३ प्रा.८/१४५ | सहायक प्रबन्धक | ८ | प्राविधिक | मेकानिकल | | २ | खुला-१<br>महिला-१<br>(पुनः प्रकाशन) | मेकानिकल इन्जिनियरिङमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको कार्यानुभव। |
| २०८२/८३ प्रा.८/१४६ | सहायक प्रबन्धक | ८ | प्राविधिक | सिभिल | सिभिल | १ | महिला-१ | सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको कार्यानुभव। |

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | उपसमूह | पद संख्या | खुला/ समावेशी | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| २०८२/८३ प्रा.८/१४७ | सहायक प्रबन्धक | ८ | प्राविधिक | कम्प्यूटर ईन्जिनियरिङ्ग | | १ | महिला-१ | कम्प्युटर इन्जिनियरिङमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको कार्यानुभव। |
| २०८२/८३ प्र.७/१४८ | प्रशासकीय अधिकृत | ७ | प्रशासन | प्रशासन | प्रशासन | ७ | खुला-४<br>महिला-२<br>आ.ज.-१ | स्नातकोत्तर तह उत्तीर्ण। |
| २०८२/८३ प्र.७/१४९ | कानून अधिकृत | ७ | प्रशासन | प्रशासन | कानून | १ | खुला-१ | कानूनमा स्नातकोत्तर तह उत्तीर्ण। |
| २०८२/८३ प्र.७/१५० | लेखा अधिकृत | ७ | प्रशासन | लेखा | लेखा | १२ | खुला-६<br>महिला-२<br>आ.ज.-२<br>मधेसी-१<br>दलित-१ | वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह उत्तीर्ण। |
| २०८२/८३ प्र.७/१५१ | चार्टर्ड एकाउन्टेन्ट | ७ | प्रशासन | लेखा | चार्टर्ड एकाउन्टेन्सी | ५ | खुला-१<br>महिला-१<br>(पुनः प्रकाशन)<br>आ.ज.-१<br>(पुनः प्रकाशन)<br>मधेसी-१<br>(पुनः प्रकाशन)<br>दलित-१<br>(पुनः प्रकाशन) | सि.ए. उत्तीर्ण। |
| २०८२/८३ प्र.७/१५२ | समाजशास्त्री | ७ | प्रशासन | विविध | समाजशास्त्र | २ | खुला-१<br>आ.ज.-१ | समाजशास्त्र वा मानवशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण। |
| २०८२/८३ प्रा.७/१५३ | इञ्जिनियर | ७ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | ७५ | खुला-४१<br>महिला-११<br>आ.ज.-९<br>मधेसी-८<br>दलित-४<br>अपाङ्ग-१<br>पि.क्षे.-१ | इलेक्ट्रिकल ईन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण। |
| २०८२/८३ प्रा.७/१५४ | इञ्जिनियर | ७ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रोनिक्स | १ | खुला-१ | इलेक्ट्रोनिक्स ईन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण। |
| २०८२/८३ प्रा.७/१५५ | इञ्जिनियर | ७ | प्राविधिक | मेकानिकल | - | ३ | खुला-१<br>महिला-१<br>आ.ज.-१ | मेकानिकल ईन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण। |
| २०८२/८३ प्रा.७/१५६ | इञ्जिनियर | ७ | प्राविधिक | सिभिल | सिभिल | १० | खुला-६<br>महिला-१<br>आ.ज.-१<br>मधेसी-१<br>दलित-१ | सिभिल ईन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण। |

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | उपसमूह | पद संख्या | खुला / समावेशी | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| २०८२/८३ प्रा.७/१५७ | सर्भे इन्जिनियर | ७ | प्राविधिक | सिभिल | सर्भे | १ | आ.ज.-१ | सर्भे वा जियोम्याटिक्स ईन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण। |
| २०८२/८३ प्रा.७/१५८ | इञ्जिनियर | ७ | प्राविधिक | कम्प्युटर इञ्जिनियरिङ्ग | - | ५ | खुला-३<br>महिला-१<br>दलित-१ | कम्प्युटर ईन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण। |
| २०८२/८३ प्रा.७/१५९ | वातावरणविद् | ७ | प्राविधिक | विविध | वातावरण | २ | खुला-१<br>दलित-१ | वातावरण वा पर्यावरण वा वनविज्ञान वा जीवविज्ञान वा प्राणीविज्ञानमा स्नातकोत्तर तह उत्तीर्ण। |

२) सहायकस्तर

क) पदः मिटररिडिङ्ग सुपरभाईजर तहः ५ सेवाः प्रशासन समूहः प्रशासन उपसमूहः प्रशासन

| विज्ञापन नं. | प्रदेश | पद संख्या | खुला | महिला | आ.ज. | मधेसी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०८२/८३ प्र.५/१०१ | कोशी | १२ | ६ | २ | २ | २ | - | - | - | प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण। |
| २०८२/८३ प्र.५/२०१ | मधेश | ८ | ४ | १ | १ | १ | - | १ | - | |
| २०८२/८३ प्र.५/४०१ | गण्डकी | ३ | २ | - | १ | - | - | - | - | |
| २०८२/८३ प्र.५/५०१ | लुम्बिनी | १५ | ९ | २ | २ | १ | १ | - | - | |
| २०८२/८३ प्र.५/७०१ | सुदूरपश्चिम | ३ | २ | - | १ | - | - | - | - | |

ख) पदः लेखापाल तहः ५ सेवाः प्रशासन समूहः लेखा उपसमूहः लेखा

| विज्ञापन नं | प्रदेश | पद संख्या | खुला | महिला | आ.ज. | मधेसी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०८२/८३ प्र.५/१०२ | कोशी | ८ | ५ | १ | - | १ | - | - | १ | वाणिज्यशास्त्र वा व्यापार प्रशासन लिई प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण। |
| २०८२/८३ प्र.५/२०२ | मधेश | १५ | ८ | ३ (१ पूनः प्रकाशन) | २ | १ | १ | - | | |
| २०८२/८३ प्र.५/४०२ | गण्डकी | ८ | ५ | १ | १ | १ | - | - | - | |
| २०८२/८३ प्र.५/५०२ | लुम्बिनी | ९ | ५ | २ | १ | - | १ | - | - | |
| २०८२/८३ प्र.५/६०२ | कर्णाली | ३ | १ | | | १ | १ (१ पूनः प्रकाशन) | | | |
| २०८२/८३ प्र.५/७०२ | सुदूरपश्चिम | ८ | ५ | - | १ | १ | - | - | १ | |

ग) पदः सुपरभाईजर तहः ५ सेवाः प्राविधिक समूहः इलेक्ट्रिकल उपसमूहः इलेक्ट्रिकल

| विज्ञापन नं | प्रदेश | पद संख्या | खुला | महिला | आ.ज. | मधेसी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०८२/८३ प्रा.५/५०३ | लुम्बिनी | ५ | ३ | १ | - | - | १ | - | - | |

| विज्ञापन नं | प्रदेश | पद संख्या | खुला | महिला | आ.ज. | मधेसी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०८२/८३ प्रा.५/६०३ | कर्णाली | १० | ५ | १ | २ | १ | १ | - | - | इलेक्ट्रिकल इञ्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा तह तीनको सीप परीक्षण उत्तीर्ण। |
| २०८२/८३ प्रा.५/७०३ | सुदूरपश्चिम | १३ | ७ | २ | २ | १ | १ | - | - | |

घ) पदः सुपरभाईजर तहः ५ सेवाः प्राविधिक समूहः मेकानिकल

| विज्ञापन नं | प्रदेश | पद संख्या | खुला | महिला | आ.ज. | मधेसी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०८२/८३ प्रा.५/६०५ | कर्णाली | ३ | १ | - | १ | १ | - | - | - | मेकानिकल इञ्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा तह तीनको सीप परीक्षण उत्तीर्ण। |
| २०८२/८३ प्रा.५/७०५ | सुदूरपश्चिम | ४ | ३ | - | - | - | १ | - | - | |

च) पदः सुपरभाईजर तहः ५ सेवाः प्राविधिक समूहः सिभिल उपसमूहः सिभिल

| विज्ञापन नं | प्रदेश | पदसंख्या | खुला | महिला | आ.ज. | मधेसी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०८२/८३,प्रा.५/१०६ | कोशी | २ | १ | १ | - | - | - | - | - | सिभिल इञ्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा तह तीनको सीप परीक्षण उत्तीर्ण। |
| २०८२/८३, प्रा.५/४०६ | गण्डकी | २ | १ | - | - | १ | - | - | - | |
| २०८२/८३, प्रा.५/५०६ | लुम्बिनी | २ | १ | १ | - | - | - | - | - | |

**विज्ञापन सम्वन्धी विशेष सूचना**

सम्मानित सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश वमोजिम समावेशी समूहका सम्बन्धमा आ.व. २०७९/८० मा समावेश नगरिएबाट बास्तविक रुपमा गुम्न गएका पदहरुसमेत समेटी हुन गएको क्षतिको समेत पूर्ति हुने गरी कानूनमा व्यवस्था भए बमोजिम गर्ने गरी पदपूर्ति गरिनेछ।

**नोटः**

१. **परीक्षाको किसिमः** लिखित, प्रस्तुतीकरण (प्रस्तुतीकरण परीक्षा हुने भनी उल्लेख भएका पदहरुको लागि) र अन्तर्वार्ता।

२. **पाठ्यक्रमः** प्राधिकरणको वेवसाइट www.nea.org.np मार्फत प्राप्त गर्ने सकिनेछ।

३. **परीक्षा दस्तुर**

तह १० को लागि रु. २,०००/-, तह ८ को लागि रु. १,४००/-, तह ७ को लागि रु. १,२००/- लाग्नेछ र तह ५ को लागि रु. ८०० लाग्नेछ। कुनै उम्मेदवार एउटै पदको एक भन्दा बढी समावेशी समूहमा सहभागी हुने भएमा तह ८ देखि १० को प्रत्येक समूहको लागि थप रु. ५००/-, तह ७ को प्रत्येक समूहको लागि रु. ४००/- र तह ५ को प्रत्येक समुहको लागि रु.३००/- थप दस्तुर लाग्नेछ। दरखास्त आवेदन फाराम भरिसकेपछि Payment tab मा गई उपलब्ध Payment Platform बाट मात्र उल्लेखित दस्तुर भुक्तानी गर्न सकिनेछ।

४. उमेरः दरखास्त दिने अन्तिम मिति २०८२/१०/०८ सम्ममा, अधिकृतस्तर तह ८ वा सो भन्दा माथिको पदको लागि २१ बर्ष पुरा भई ४० वर्ष ननाघेको र तह ७ को पदमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको। सहायकस्तर तह ५ का पदमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको। तर महिला र अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ। **प्राधिकरणमा कार्यरत स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।**

५. नेपाल विद्युत प्राधिकरणमा स्थायी सेवा प्रवेश गरेको दुई वर्ष अवधि पूरा गरेको कर्मचारीले स्नातक उपाधि हासिल गरेको भए प्रशासन सेवाको प्रशासन समूहको तह ७ र वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक उपाधि हासिल गरेको कर्मचारीले लेखा समूहको तह ७ का पदहरुमा खुलातर्फ उम्मेदवार हुन पाउनेछ।

६. नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ (संशोधनसहित) बमोजिम उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

७. तह ८, ९ र १० का पदमा उम्मेदवार हुन निम्नानुसारको कार्य अनुभव हुनुपर्नेछः

देहाय बमोजिमको निकायमा रही सम्बन्धित क्षेत्रको अधिकृतस्तरमा गरेको कामको अनुभव पेश भएकोमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको आधारमा त्यस्तो कार्यानुभवलाई मान्यता दिइनेछः

(क) निजामती तथा अन्य सरकारी निकाय,

(ख) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा संचालित संगठित संस्था,

(ग) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,

(घ) विशेष ऐनद्वारा स्थापित संस्था वा निकाय,

(ङ) संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टिकृत निकाय,

(च) अन्तर सरकारी, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनहरु,

(छ) विश्वविद्यालयका आङ्गिक क्याम्पस,

(ज) सामुदायिक विद्यालय।

- माथि उल्लेख भए बाहेकको अन्य निकायको अनुभव पेश गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृतस्तरका कर्मचारी भर्नाको प्रकृया, योग्यता, संगठन संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको एकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ।
- कार्यअनुभव आवश्यक पर्ने पदहरुको लागि नेपाल विद्युत प्राधिकरणको वेबसाइट nea.org.np मा रहेको सेवा विवरण सम्बन्धी फाराम भरी सम्बन्धित कार्यालयबाट सेवा अवधि प्रमाणित गराई पेश गर्नु पर्नेछ।
- कुनै एक सरकारी कार्यालय वा सार्वजनिक संस्थामा कार्यरत रहेकै अवधिभित्र अन्य संस्थामा कार्य गरेको कार्य अनुभवलाई मान्यता दिइनेछैन।
- एउटै अवधिमा दुई वा सो भन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ।
- प्रति हप्ता ४० घण्टाभन्दा कम समय काम गरेको अनुभव (आंशिक रुपमा काम गरेको) लाई मान्यता दिइनेछैन।
- एउटै निकायमा ६ महिना भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन।
- नियुक्तिपत्र वा करारनामामा नै आंशिक रुपमा (पार्ट टाईम) काम गर्ने उल्लेख भएकोमा सो कार्यानुभवलाई मान्यता दिइने छैन।
- सहायकस्तरमा पदाधिकार रही अधिकृतस्तरमा कायम मूकायम वा निमित्त भई सेवा गरेको अवधिलाई अधिकृतस्तरको अनुभव मानिने छैन।
- तह १० र तह ८ को जुन सेवा, समूह र उपसमूहको पदमा आवेदन गर्ने हो, सो सेवा, समूह र उपसमूहसँग सम्बन्धित बिषयमा स्नातक तह उत्तीर्ण गरेपछिको अधिकृतस्तरको अनुभवलाई मात्र मान्यता प्रदान गरिनेछ।

८. विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यातको समकक्षता निर्धारण गराई पेश गर्नुपर्नेछ।

९. दरखास्त दिने अन्तिम मितिः २०८२।१०।०८ सम्म र दोब्बर दस्तुर तिरी २०८२।१०।१५ सम्म।

१०. अनुभव आवश्यक पर्ने उम्मेदवारको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा तोकिएको न्यूनतम कार्यअनुभवको अवधि पूरा भएको हुनुपर्नेछ। दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, कार्यअनुभव अवधि र अन्य योग्यताको प्रयोजनका लागि गणना गरिने छैन।

११. तलब, सुविधा र सेवा शर्तः नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ (संशोधनसहित) र प्राधिकरणको अन्य नियमानुसार हुनेछ तर आ.व. २०८२।८३ देखि स्थायी नियुक्ति हुने कर्मचारीहरुको हकमा नेपाल सरकार, अर्थ मन्त्रालयको मिति २०८२।०३।२० को परिपत्र बमोजिम पेन्सन तथा उपदानको सट्टा योगदानमा आधारित अवकाश कोष वा सामाजिक सुरक्षा योजनामा आवद्ध गर्ने प्रक्रिया अघि बढाएकोले सो समेत सूचित गरिन्छ।

१२. कार्य गर्नुपर्ने स्थानः नेपाल राज्यभर। कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ (संशोधनसहित) अनुसार प्रादेशिकस्तरको विज्ञापनबाट छनौट भई नियुक्त हुने कर्मचारीलाई ७ (सात) वर्षसम्म सो क्षेत्र भित्रका कार्यालय वाहेक अन्यत्र सरुवा गरिने छैन। तर महिला र अपाङ्गता भएका कर्मचारीको हकमा ५ (पाँच) वर्ष पुरा भएपछि अन्य प्रदेश अन्तर्गतका कार्यालयमा सरुवा गर्न सकिनेछ।

१३. पदले गर्नु पर्ने कामः सम्वन्धित सेवा, समुह र उपसमुहले गर्नुपर्ने कार्यहरु।

१४. परीक्षणकालको अवधिः १ वर्ष तर महिलाको हकमा ६ महिना मात्र।

१५. सहायकस्तरका पदको लिखित परीक्षा लोक सेवा आयोगबाट तोकेबमोजिम सम्वन्धित प्रादेशिक क्षेत्रमा हुनेछ र एउटा पदको सबै प्रदेशको लिखित परीक्षा एकै दिन पनि सञ्चालन हुन सक्नेछ।

१६. लिखित परीक्षाको कार्यक्रम लोक सेवा आयोगसँग समन्वय गरी पछि प्रकाशित गरिनेछ।

१७. विज्ञापन रद्द भएको अवस्थामा वाहेक परीक्षा दस्तुर फिर्ता हुने छैन।

१८. समावेशीतर्फ दरखास्त दिने उम्मेदवारहरुले निम्न वमोजिमका कागजातहरुसमेत अनिवार्य रुपमा दरखास्तसाथ अपलोड गरी पेश गर्नु पर्नेछः

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गरिदिएको प्रमाणपत्र।

(ख) मधेसीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सुचना प्रकाशन गरी नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गरिदिएको प्रमाणपत्र।

(ग) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एक भन्दा वढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि वा नेपाल सरकारको निर्णयानुसार सम्बन्धित वडा कार्यालयबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि।

(घ) अपाङ्गता परिचय पत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा (४) को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्रको आधारमा।

(ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिनभन्दा ३ महिना अगाडिसम्मको सिफारिस पत्रको प्रतिलिपि।

१९. अनलाइन प्रणालीबाट दरखास्त दस्तुर बुझाउने प्रावधान रहेको हुँदा दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको अवस्थामा पनि सोही दिनभित्र अनिवार्य रुपमा दरखास्त दस्तुर सहित दरखास्त पेश गरि सक्नुपर्नेछ।

२०. अनलाइन प्रणालीबाट दरखास्त दिंदा ध्यान दिनुपर्ने कुराहरु :

**(क) अपलोड गर्नुपर्ने कागजातहरुः** उम्मेदवारको दुवै कान देखिने पासपोर्ट साइजको हालसालै खिचिएको फोटो, दस्तखत, नागरिकताको प्रमाणपत्र JPG Format मा र समावेशी समूहको हकमा समावेशी प्रमाणपत्र, शैक्षिक योग्यता (न्यूनतम शैक्षिक योग्यताको मात्र), तालिम, अनुभव, चारित्रिक प्रमाणपत्र, विदेशी शिक्षण संस्थावाट जारी भएको प्रमाणपत्र पेश गर्ने उम्मेदवारहरुको हकमा समकक्षता तथा अधिकृतस्तरका चार्टर्ड एकाउण्टेण्ट, इञ्जिनियर (इलेक्ट्रिकल, मेकानिकल, सिभिल, सर्भे, कम्प्युटर आदि) जस्ता पदका लागि सम्बन्धित व्यावसायिक परिषदमा दर्ता भएको प्रमाणपत्र तथा सम्बन्धित विज्ञापनमा तोकिएका अन्य कागजपत्रहरु (दरखास्त दिने अन्तिम मितिसम्म जारी भएको हुनुपर्ने) अनलाइन दरखास्त प्रणालीको PDF Format मा तोकिएको स्थानमा अपलोड गनुपर्नेछ। दरखास्तमा उल्लेख गरेका विवरणहरुका सम्बन्धमा उम्मेदवार स्वयम् पूर्ण जवाफदेही हुनुपर्नेछ।

(ख) अनलाइन दरखास्त फाराम भर्ने सम्बन्धमा कुनै समस्या भएमा निम्न नम्बरमा सम्पर्क गर्न सकिनेछ।

- प्राविधिक सहयोगको लागि ९८४९४४३८५४ मा Viber वा Whatsapp र viber (text only) मार्फत गर्न सक्नु हुनेछ।
- थप जानकारीको लागि फोन नं. ०१-४१५३०४८ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।

२१. उम्मेदवारहरुले आवेदन गर्दा आफ्नो मोबाइल नं. र इमेल ठेगाना अद्यावधिक गर्नुपर्नेछ। उम्मेदवारको दरखास्त/आवेदन फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण आवेदको मोबाइल/इमेल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर वा इमेल ठेगाना उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवार परीक्षामा सहभागी हुन नपाएमा सो को जवाफदेही उम्मेदवार हुनेछ।

२२. यस बिज्ञापनसँग सम्बन्धित पदपूर्ति सम्बन्धी सम्पूर्ण सूचनाहरु अब उप्रान्त प्राधिकरणको वेवसाइट nea.org.np मा मात्र उपलब्ध हुने भएकोले सोही अनुसार अद्यावधिक हुन सूचित गरिन्छ।

२०८१।०५।१६

सदस्य सचिव

पदपूर्ति समिति